## चौधरी फाउण्डेसन
## र
## नलगाड नगरपालिका बीच
## समझदारीपत्र

जिल्ला प्रशासन कार्यालयमा दर्ता भई गैरसरकारी संस्थाका रुपमा सानेपा, ललितपुर २ मा स्थापित चौधरी फाउण्डेसन (जसलाई यसपछि प्रथम पक्ष भनिएको छ) र नलगाड नगरपालिका (जसलाई यसपछि दोस्रो पक्ष भनिएको छ) बीच द्विपक्षीय सहमति भई यो समझदारी पत्र मिति मा वि.सं. २०८० मंसिर ११ गते तदनुसार सन् २०२३ नोभेम्बर २७ दस्तखत गरेका छौं ।

यस समझदारीपत्रको उद्देश्य जाजरकोटमा हालै गएको भूकम्पबाट प्रभावित क्षेत्रका मानिसहरुलाई लक्षित गरी विकास गरिने सिजी आश्रय निर्माणका लागि स्थानीय समन्वय, सामाजिक परिचालन र जनशक्ति उपलब्ध गराउने तथा स्थानीयस्तरमा जिविकोपार्जनका अवसर सिर्जना गर्ने रहेको छ।

### जिम्मेवारी

क. निम्नानुसारका कार्यहरु गर्नु प्रथम पक्षको जिम्मेवारी हुनेछ।

- सिजी आश्रय स्थलहरूको निर्माणको लागि योजना विकास र कार्यान्वियन गर्ने ।
- प्रभावित परिवारलाई घर निर्माणका लागि बजारबाट आपूर्ति गर्नुपर्ने निर्माण सामग्री उपलब्ध गराउने। यद्यपि निर्माण सामग्रीको व्यवस्था एकमुष्ठ रुपमा नभई निर्माण प्रगति र निर्माण स्थलको मागका आधारमा पटक पटक गरी गर्न सकिनेछ।
- घर निर्माण गर्दा गर्नुपर्ने अनुगमका लागी चाहिने आवश्यक मानव संसाधन उपलब्ध गराउने। तर घर निर्माण गर्दा आवश्यक श्रमदान घरवाला आफैले गर्नुपर्नेछ।

ख. निम्नानुसारका कार्यहरु गर्नु दोस्रो पक्षको जिम्मेवारी हुनेछ।

- पुनर्निर्माण कार्यका लागि प्रभावित घरपरिवारको छनोट गर्न सहयोग गर्ने ।
- निर्माण सामग्री भण्डारणका लागि यथोचित स्थान उपलब्ध गराउने।
- तोकिएको ढाचामा घर निर्माण गर्ने गराउने।
- परियोजना कार्यान्वयनका क्रममा स्थानीय रुपमा कुनै पनि खालको विवाद, वाधा वा व्यवधान हुन नदिने, कथंकदाचित भइहालेमा आफ्नै पहलमा समाधान गर्ने।

ग. निम्न कुरामा दुवै पक्षबीच आपसी सहमति छ र दुवै पक्ष जानकार छन्।

यस सिजी आश्रय गैरनाफामुखी परियोजना हो। घर निर्माणमा समदायको अपनत्व बढाउने उद्देश्यले निर्माण श्रमिक घरवाला आफै हुनु पर्नेछ। यस परियोजनाका लागि दुबै पक्षले आ-आफ्नो तर्फबाट संयोजक तोकी कामका

कुमार बहादुर रावत
नगर प्रमुख

सिलसिलामा एक अर्काबीच सञ्चार, समन्वय एवं सम्पर्क गर्दा संयोजक मार्फत् गरिनेछ । निर्माण स्थलमा आवश्यक हुने आकस्मिक बन्दोवस्तीका लागि प्रथम पक्षको संयोजकको जिम्मेवारी हुनेछ ।

घ.यस समझदारीपत्रमा सुधार या संशोधन गर्नुपर्ने लागेमा प्रथम र दोस्रोमध्ये जुन पनि एक अर्कालाई लिखितरुपमा आग्रह गरेपश्चात दुई ओटै पक्षको उपस्थिति र सहमतिमा मात्र सुधार या संशोधन परियोजना सफलतापूर्वक सम्पन्न नहुँदै निम्न अवस्थामा यो समझदारीपत्र स्वतः रद्द भएको मानिनेछ ।

- कुनै पक्षले समझदारीपत्रमा उल्लिखित कुराको पालना नगरेमा, दिइएको समय सीमाभित्र उचित कारणविना लाभग्राहीका तर्फबाट गराउने भनिएको योगदान नभएमा वा नहुने स्थिति देखिएमा दुवै पक्षहरुको हस्ताक्षर सहितको यो समझदारीपत्र मिति वि.सं. २०८०/०८/ ११ देखि २०८०/११/१० गते सम्म मान्य एवम् लागू हुनेछ । प्रथम र दोस्रो पक्षले यस समझदारीपत्रमा हस्ताक्षर गरी यसमा उल्लेखित कुराहरुमा सहमति जनाउदछन् ।

**चौधरी फाउन्डेसनको तर्फबाट**

...................................

नामः विकाश देउजा
पद : कार्यक्रम प्रबन्धक
मितिः २०८०।०८।११

साक्षीको नामः तपेन्द्र कुँवर

...................................

हस्ताक्षरः
मिति : २०८०।०८।११

**नलगाड नगरपालिका तर्फबाट**

...................................

नामः डम्बर बहादुर रावत
पद : नगर प्रमुख, नलगाड नगरपालिका
मिति : २०८०।०८।११

साक्षीको नामः दिनेश भट्टराई

...................................

हस्ताक्षरः
मिति : २०८०।०८।११

डम्बर बहादुर रावत
नगर प्रमुख

नलगाड नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दल्ली, जाजरकोट
कर्णाली प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत